०९१-५६०४९९
फोन नं. ०९१-५६१२५४
०९१-५६०११८

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: कृषि २०८३/८४
च.नं.

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदानका लागी माग विबरण पेश गर्ने सम्बन्धी सूचना"

सूचना नं. १- २०८३/८४ (कृषि विकास शाखा) प्रकाशित मिति:-२०८३/०६/१६ गते

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय,कृषि विकास शाखा,टीकापुर कैलालीको आ.व. २०८३/८४ को संघीय सशर्त अनुदान तर्फको कार्यक्रम अनुसार खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा उन्नत जातका गहुँको बीउ बितरण कार्यक्रममा सहभागी हुन इच्छुक कृषक / कृषक समूह, कृषि सहकारी र कृषि फार्महरुले सूचना प्रकाशन भएको मितिले १२ (बाह्र) दिन भित्र अर्थात (मिति २०८३/०६/२७ गते मंगलबार) सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा आवश्यक कागजात सहित निबेदन दर्ता गर्न हुन सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकान गरिएको छ। साथै म्याद नाघि आएका र रित नपुगेका निबेदन माथि कुनै पनि कारवाही नगरिने ब्यहोरा अनुरोध छ।

तपशिल:

क्र.स.	कार्यक्रमको नाम	कृषकले माग गर्न सक्ने गहुँ बालीका जातहरु	उन्नत बीउको मूल्य(रु प्रति के.जी.)	उन्नत बीउ प्रयोगमा कृषकलाई उपलब्ध हुने मूल्य अनुदान(रु प्रति के.जी.)	कैफीयत
१.	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम	विजय, आदित्य, वाणगंगा, जिंक-१, जिंक-२ र एन.एल.-९७१	७६	यस तालिकामा उल्लेख भएको मूल्यमा बीउ विजन उत्पादन आपुर्ति तथा ब्यवस्थापन कार्यविधि २०८२ को दफा ८(३) को खण्ड(छ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत मूल्य अनुदान उपलब्ध हुने।	

आवश्यक कागजात:

१. गहुँको बीउ माग गरेको निवेदन।
२. निबेदकको नागरिकताको प्रतिलिपी।
३. जग्गाधनी प्रमाणप्रत्र वा करारनामाको प्रतिलिपी।
४. कृषक समूह र कृषि सहकारीको हकमा नविकरण भएको दर्ता प्रमाणप्रत्र र निर्णयको प्रतिलिपी। (निर्णयमा कृषकले माग गरेको गहुको जात र जग्गाको क्षेत्रफल स्पष्ट खुलाई पेश गर्नुपर्ने छ)।
५. कृषि फार्मको हकमा स्थायी लेखा नम्बर, करचुक्ता र दर्ता प्रमाणप्रत्रको प्रतिलिपी।

थप जानकारीका लागी
टीकापुर नगरपालिका कृषि बिकास शाखा,टीकापुर कैलाली।
९८४८५५३७६५/९८५७८३६१२२

२०८३/६/१६
दीप बहादुर बिष्ट
शाखा प्रमुख

२०८३/६/१६
ममता बास्तोला
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२/१६
दीप बहादुर बिष्ट
शाखा प्रमुख

गहुँको उन्नत बीउ मागका लागि दिइने आबेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु, मितिः२०८३/०६/.......

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

टीकापुर,कैलाली

विषयः गहुँको बीउ माग सम्बन्धमा

महोदय,

प्रस्तुत बिषयमा टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि बिकास शाखा, टीकापुर, कैलालीको आ.व.२०८३/०८४ को संघीय सशर्त तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार खाद्यान्न बालीको उन्नत बीउ उपयोगका अनुदान कार्यक्रम अन्तर्गत ५०% अनुदानमा उन्नत गहुँको बीउ वितरण कार्यक्रममा सहभागी हुन पाउँ भनि आवश्यक कागजात सहित यो निबेदन साथ अनुरोध गर्दछु।

तपसिलः

क्र.स	गहुँको जात	लगाउने क्षेत्रफल (कठ्ठा)	माग गरेको बीउको परिमाण(के.जी)	कैफियत

संलग्न गर्नु पर्ने कागजातहरुः

१. नेपाल सरकारद्धारा जारी कुनै एक परिचय खुल्ने कागजातको प्रतिलिपि
२. जग्गाको क्षेत्रफल खुल्ने लालपुर्जाको छाँयाप्रति/भाडा/अधिया/बटैया/भोकबन्दि लिएको सम्झौताको छायाँप्रति/ ऐलानि जग्गाको निस्सा वा वडा कार्यालयको सिफारिस
३. समुह /सहकारीको हकमा नविकरण/दर्ता प्रमाणपत्र /कार्यक्रम माग सम्बन्धी निर्णय प्रतिलिपी

निबेदकः

हस्ताक्षरः-

नामः-

ठेगानाः-

सम्पर्क नं.-

संस्थाको छापः-